सङ्घीय संसद्

प्रतिनिधि सभा, २०८२

दोस्रो अधिवेशन

बैठक सङ्ख्या- ६७

सूचनापत्र - २

(बैठकको कारबाहीको संक्षिप्त विवरण)

२०८३ साल असोज १५ गते बिहीबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख डोल प्रसाद अर्यालको अध्यक्षतामा दिनको ११:२० बजे प्रारम्भ भयो।

बैठकको प्रारम्भमै श्रम संस्कृति पार्टीका माननीय सदस्यहरू आआफ्नो आसन अगाडि उभिई बोल्न समय माग गरेपछि सम्माननीय सभामुखले बोल्न समय दिनुहुँदा मा० ध्रुवराज राईले अघिल्लो बैठकमा आफ्नो दलको तर्फबाट राखिएको मागका सम्बन्धमा पुनःस्मरण गराउनुभयो।

तदुपरान्त प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० ललिता कुमारी
२. मा० लक्ष्मी प्रसाद पोखरेल
३. मा० डा. लेखजंग थापा
४. मा० विक्रम थापा
५. मा० विपिन कुमार आचार्य
६. मा० विष्णुमाया बि.क.
७. मा० शम्भु कुमार यादव
८. मा० शम्भु प्रसाद ढकाल
९. मा० शिव शंकर यादव
१०. मा० शोभा खनाल
११. मा० श्रद्धा कुवर क्षेत्री
१२. मा० श्रीधर पोखेल
१३. मा० श्रीराम न्यौपाने
१४. मा० सन्तोष राजवंशी
१५. मा० समिना मिया
१६. मा० समिक्षा बास्कोटा
१७. मा० सरस्वती लामा
१८. मा० सरिता महतो
१९. मा० साजिदा खातुन सिद्धिकी
२०. मा० सिताराम साह
२१. मा० सिर्जना श्रेष्ठ
२२. मा० सुजाता तामाङ
२३. मा० सुनिता कुमारी चौधरी
२४. मा० सुनिल के.सी.
२५. मा० सुरेश कुमार चौधरी
२६. मा० सुलभ खरेल
२७. मा० सुशील कुमार कानु
२८. मा० सुशील खड्का
२९. मा० सुशीला ढकाल आचार्य
३०. मा० सुष्मा स्वर्णकार (डिम्पल)
३१. मा० सूर्य बहादुर तामाङ्ग
३२. मा० सृष्टी भट्टराई
३३. मा० सोम शर्मा
३४. मा० स्मृति सेन्चुरी
३५. मा० हरि मोहन भण्डारी
३६. मा० क्षितिज थेबे
३७. मा० ज्ञानु पौड्याल
३८. मा० ज्ञानेन्द्र सिंह महता
३९. मा० सुम्निमा उदास

त्यसपछि प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका माननीय नेता भीष्मराज आङ्देम्बेले सरकार सञ्चालन लोकतान्त्रिक पद्धति, पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको पक्राउ र रिहाइ जस्ता विषयहरूमा आफ्नो धारणा राख्दै सरकारलाई सुझाव दिनुभयो।

तदुपरान्त राष्ट्रिय स्वतन्त्र पार्टी संसदीय दलका माननीय उपनेता गणेश पराजुलीले विपद् व्यवस्थापनमा आरोप-प्रत्यारोपभन्दा माथि उठेर रचनात्मक सहकार्य गर्नुपर्ने, बाढी, पहिरो र डुबानजस्ता मौसमी घटनालाई जलवायु परिवर्तनको प्रभावका रूपमा हेर्नुपर्ने र हिमालय क्षेत्रको संरक्षणमा साझा अन्तर्राष्ट्रिय जिम्मेवारी स्थापित गर्न नेपालले पहल गर्नुपर्ने, सुशासनका लागि प्रशासनिक प्रणालीलाई विधि र निष्पक्षतामा ल्याउने, कर्मचारी सरुवामा डिजिटल प्रणाली अपनाउनेजस्ता कदमहरू सही मार्गमा रहेको र भ्रष्टाचार अन्त्यका लागि नागरिकको सहयोग अपरिहार्य रहेको भन्नुभयो।

तत्पश्चात् श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राईले सरकारले जनताका जल्दाबल्दा मुद्दामा परिणाममुखी काम गर्नुपर्ने, रेमिट्यान्सले धानेको अर्थतन्त्र, युवा पलायन, बढ्दो महँगी र भ्रष्टाचार जस्ता विषयमा सरकारको बेवास्ता तथा सुशासनको प्रतिबद्धता फितलो नारामा सीमित भएको, सरकारले गिरिबन्धु टी-स्टेट र वाइड बडी काण्डका फाइल खोल्न नसकेको तथा जेनजी आन्दोलनमाथि दमन गरेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तदुपरान्त प्रारम्भ भएको विशेष समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आआफ्नो भनाइ राख्नुभयोः-

१. मा० खुश्बु सरकार श्रेष्ठ
२. मा० बासना थापा
३. मा० विष्णुमाया वि.क.
४. मा० बलावती शर्मा
५. मा० पूर्ण प्रसाद लिम्बु
६. मा० खुश्बु ओली
७. मा० श्रीराम न्यौपाने
८. मा० नीनु कुमारी कर्ण
९. मा० चन्देश्वर मण्डल
१०. मा० राधिका रम्तेल
११. मा० आकृति अवस्थी
१२. मा० भरत बहादुर खड्का
१३. मा० टुका भद्रा हमाल
१४. मा० मनिष खनाल
१५. मा० एशुदा कुमारी बराल
१६. मा० राजन गौतम
१७. मा० शम्भु प्रसाद ढकाल
१८. मा० रन्जु न्यौपाने
१९. मा० कामिनी कुमारी
२०. मा० श्रीधर पोखेल
२१. मा० रुबिना आचार्य
२२. मा० सागर भुसाल
२३. मा० प्रकाश पाठक
२४. मा० पार्वती वि.क.
२५. मा० पूनम कुमारी अग्रवाल
२६. मा० युवराज दुलाल

त्यसपछि सम्माननीय सभामुखले आजको कार्यसूचीको क्रम सङ्ख्या १ मा रहेको कार्यक्रम सूचीबाट हटाएको बेहोरा जानकारी गराउनुभयो।

तदुपरान्त राज्य व्यवस्था तथा सुशासन समितिका माननीय सभापति हरि ढकालले "संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८३" पेस गर्नुभयो।

तत्पश्चात् माननीय अर्थ मन्त्री डा० स्वर्णिम वाग्लेले "कर्मचारी सञ्चय कोष (दशौं संशोधन) विधेयक, २०८३, नागरिक लगानी कोष (तेस्रो संशोधन) विधेयक, २०८३ र भुक्तानी तथा फस्यौंट (पहिलो संशोधन) विधेयक, २०८३ लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्" भनी क्रमशः राख्नुभएका प्रस्तावहरूलाई सम्माननीय सभामुखले निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भए।

त्यसपछि माननीय आशा झाले आकस्मिक समय माग गरी मिति २०८३/०६/१४ मा काठमाडौँदेखि विराटनगर जानेक्रममा आन्तरिक उडानमा एकजना विदेशी नागरिक बेहोस हुँदा विमानस्थलजस्तो संवेदनशील स्थानमा हेल्पडेस्कको व्यावि न भएको तर आवश्यक स्वास्थ्य सुविधा र जनशक्तिको व्यवस्थापन नभएको हुँदा विमानस्थलमा लापरबाही भएको र नागरिक उड्डयन प्राधिकरणले आधारभूत मापदण्डको अनुगमन तथा निगरानी गरी स्वदेशी तथा विदेशी नागरिकले समान रूपमा स्वास्थ्य सुविधा प्राप्त गर्ने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

तदुपरान्त सम्माननीय सभामुखले पूर्वसदस्य घनेन्द्र बस्नेतको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयोः-

शोक प्रस्ताव

"नेपाल कम्युनिष्ट पार्टी (एमाले)को तर्फबाट वि.सं. २०४८ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा सङ्खुवासभा निर्वाचन क्षेत्र नं २ र वि.सं. २०५६ सालको प्रतिनिधि सभा सदस्य निर्वाचनमा भोजपुर निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित सदस्य एवम् प्रजातन्त्र र लोकतन्त्रको स्थापनामा अग्रणी भूमिका निर्वाह गर्नुभएका घनेन्द्र बस्नेतको ७४ वर्षको उमेरमा मिति २०८३ साल असोज १४ गते असामयिक निधन भएकोमा प्रतिनिधि सभाको यो बैठक उहाँको निधनप्रति शोक प्रकट गर्दै भावपूर्ण श्रद्धाञ्जलीसहित शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ।"

त्यसपछि सभाले स्वर्गीय घनेन्द्र बस्नेतको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो।

तदन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८३ असोज १६ गते शुक्रबार बिहान ११:०० बजे बस्ने गरी दिनको ३:२० बजे स्थगित भयो।

पद्म प्रसाद पाण्डेय
महासचिव